स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री वर्षा राउत र 'साँघुरो' फेम्ड निर्देशक जोयस पाण्डेलाई मुख्य भूमिकामा लिएर फिल्म 'हिउँको गीत' निर्माण भएको छ। मंगलबार अमेरिकास्थित पेन्सलभेनिया राज्यको पिट्सबर्ग सहरमा फिल्मको अन्तिम दृश्य छायांकन गरियो। ओहायो राज्यको क्लिभल्याण्ड सहरमा रहेको हलिउडका फिल्म छायांकन गरिने सुविधा सम्पन्न स्टुडियोमा समेत फिल्म खिचिएको जनाइएको छ।

**आजको विचार...**



मेघनाथ दाहाल

विकास...
(दुई पेजमा)



'पूजार सार्की'को सफलतापछि निर्देशक दिनेश राउत अब नयाँ फिल्म 'महाभोज' बनाउँदैछन्। मंगलबार माघे सङ्क्रान्तिको दिन पारेर कमलादीस्थित गणेश मन्दिरमा फिल्मको शुभमुहूर्त गरिएको छ। फिल्मका शीर्ष कलाकारहरु दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, गौमाया गुरुङ, मलिका महत लगायतको उपस्थितिमा मन्दिरमा विशेष पूजा गरिएको थियो। सामाजिक कथावस्तुमा बन्न लागेको फिल्मको छायांकन भने यसै साताबाट तालनगरी पोखरामा सुरु हुनेछ।

❐ वर्ष ३० ❐ अंक १७३ ❐ २०८१ माघ ३ गते बिहीबार 16 January 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### मारबर्ग भाइसरका कारण ८ को मृत्य

(रासस/एएफपी)

**जेनेभा,** माघ २/विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले तान्जानियामा घातक मारबर्ग भाइरसको शङ्कास्पद प्रकोपका कारण आठ जनाको मृत्यु भएको भन्दै तान्जानिया र छिमेकी मुलुकमा थप फैलिने जोखिम 'उच्च' रहेको चेतावनी दिएको छ । स्वास्थ्य निकायले तान्जानियाको कागेरा क्षेत्रमा 'शङ्कास्पद 'मारबर्ग भाइरस डिजिज (एमभीडी)' को प्रकोप देखिएको जानकारी सोमबार आफ्ना सदस्य राष्ट्रहरुलाई दिएको जनाएको छ । विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले सामाजिक सञ्जाल एक्समा भनेका छन्,'अहिलेसम्म नौ जनामा सङ्क्रमण देखिएको हामीलाई जानकारी प्राप्त भएको छ, जसमध्ये आठ जनाको मृत्यु भइसकेको छ । रोगलाई फैलिन नदिन सावधानी अपनाइएको छ यद्यपि, आगामी दिनमा अझै केही थप सङ्क्रमितहरू फेला पर्न सक्ने सम्भावना छ ।' डब्ल्यूएचओले तान्जानिया सरकार र प्रभावित समुदायलाई आफ्नो पूर्ण सहयोगको आश्वासन दिएको छ । छिमेकी मुलुक रुवान्डामा तीन महिनाभन्दा बढी मारबर्गको महामारी फैलिएको डब्लुएचओले घोषणा गरेको एक महिना नबित्दै यो घोषणा गरिएको हो । डब्लुएचओका अनुसार मारबर्गले अत्यधिक संक्रामक रक्तस्रावी ज्वरो निम्त्याउँछ ।

# गुल्मीमा सुन्तला उत्पादन बढ्यो

**हाम्रा संवाददाता/रासस**

**गुल्मी,** माघ २/गुल्मीमा यस वर्ष सुन्तला उत्पादनमा बृद्धि भएसँगै कृषकले मनग्य आम्दानी गरेका छन् । गत वर्षको तुलनामा सुन्तलाको उत्पादनमा वृद्धि भएसँगै यहाँका कृषक खुसी भएका छन् । जिल्लामा यस वर्ष रु २४ करोड ५० लाख मूल्य बराबरको सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख नरेश धितालले जानकारी दिए । गत वर्ष रु २३ करोड मूल्य बराबरको सुन्तला उत्पादन भएको थियो । जिल्लामा उत्पादित सुन्तलामध्ये यस पटक रु १३ करोडभन्दा बढी सुन्तला जिल्ला बाहिर लगेर बिक्री गरिएको कार्यालय प्रमुख धितालले बताए । गुल्मीबाट गत वर्ष रु १२ करोड बराबरको सुन्तला जिल्ला बाहिर बिक्री गरिएको थियो । मल उपलब्ध हुनु तथा सिँचाइको सुविधा, सुन्तलाको बोट काँटछाँट गर्नु र सुन्तलाको क्षेत्र विस्तार हुँदै गएका कारण उत्पादनमा वृद्धि भएको प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना गुल्मीकी प्रमुख गङ्गा पोखेलले बताए ।

जिल्लामा कृषकले सुन्तलाको बगैँचामा बिजु बिरुवा लगाउने गरेका छन् । कलमी बोटले भन्दा बिजु बिरुवाले लामो समयसम्म फल दिने भएका कारण यहाँका कृषकले बिजु बिरुवा लगाउँदै आएका छन् ।



सुन्तलाका फेद र जरा कुहिने समस्याबाट पीडित बनेको धुर्कोट गाउँपालिका-२ का कृषक शिवलाल खनालले बताए । सुन्तला बगैँचामा समयमै मलखाद र सूक्ष्मतत्वको प्रयोगबाट उत्पादनमा वृद्धि हुने उनको भनाइ छ । जिल्लाका १२ वटै पालिकामा व्यावसायिक रुपमा सुन्तलाखेती गरिँदै आएको छ । जिल्लाका ९३ वडामध्ये ३७ वडामा सुन्तला जात फलफूल जोन कार्यक्रम लागू छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत जिल्लाको मदाने गाउँपालिकाको पुर्कोटदह, धुर्कोट गाउँपालिकाको पिपलधारा र सत्यवतीको लिम्घालगायत ठाउँमा चक्लाबन्दी गरी सुन्तला खेती सुरु गरिएको छ । गुल्मीको सुन्तलाको माग अत्यधिक छ । सुन्तला खरिद गर्नका लागि बुटवल, पाल्पा, अर्घाखाँचीलयागतका स्थानबाट व्यापारी बगैँचामै पुग्ने गरेका छन् । अहिले बजारमा गुल्मीको सुन्तला प्रतिकिलो रु ८० देखि रु एक सयसम्ममा बिक्री हुँदै आएको छ । कृषि ज्ञान केन्द्रले सुन्तलाका विभिन्न जात पहिचान गरी तिनको व्यवसायीकरण गर्न सुरु गरेको छ । कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत सुन्तलाको उत्पादन वृद्धिका लागि बगैँचा व्यवस्थापनमा जोड दिएको छ । परियोजनावाट सुन्तलाको बगैँचा सुधारका साथै मलखादको व्यवस्थापन, सिँचाई र बोट काँटछाँट लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको परियोजना प्रमुख पोखेलले बताए । सुन्तलाका लागि धुर्कोट गाउँपालिकाको नयागाउँ, पिपलधारा, छत्रकोटको लुम्छा, श्रृङ्गा, रेसुङ्ग नगरपालिकाको भाडगाँउ, रुरुक्षेत्रको मुसिडाँडा, चौतारा, मुसिकोट नगरपालिकाको अर्लाङ्कोट, गुल्मी दरबारको गौडाकोट, कालीगण्डकीको अर्बेनी, जयखानी चन्द्रकोटको रेमी, सत्यवती र मदानेको भनभने मुख्य पकेट क्षेत्रका रुपमा रहेका छन् ।

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरूको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिसौं,
- नियमित सवारी साधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारी साधन चलाउँदा मोवाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालवालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिँड्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# संस्कृतिलाई पर्यटनसँग जोडेर आर्थिक सशक्तीकरण गर्न सकिन्छ

**दाङ(देउखुरी),** माघ २/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मौलिक कला, संस्कृतिलाई पर्यटनसँग जोडेर समुदायको आर्थिक सशक्तीकरण गर्न सकिने बताएका छन् । माघे सङ्क्रान्ति तथा माघी पर्वका अवसरमा दिएको शुभकामना सन्देशमा मौलिक कला, संस्कृति जोगाउनु सबैको साझा कर्तव्य भएको उल्लेख गरे । सन्देशमा उनले कला, संस्कृतिलाई पर्यटनसँग जोडेर समुदायको आर्थिक सशक्तीकरण गर्न सकिन्छ भने । 'हाम्रो समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त छ । त्यसैले जातीय विविधता र यससँगै जोडिएर आएका संस्कृतिहरू हाम्रा मौलिक विशेषता हुन्', उनले भनेका छन्, 'लुम्बिनी प्रदेश सरकारले सांस्कृतिक मूल्य, मान्यताको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका माध्यमबाट



आर्थिक, सामाजिक विकासको परिकल्पना गरेको छ । मौलिक कला, संस्कृतिलाई पर्यटनसँग जोडेर समुदायको आर्थिक सशक्तीकरण गर्न सकिने भएकाले यसलाई प्राथमिकतामा राखेका छौँ ।' लुम्बिनी प्रदेशको तराई, पहाड, हिमाली क्षेत्रमा बसोबास गर्ने नेपालीहरूले आ-आफ्नै तरिकाले माघे सङ्क्रान्ति/माघ पर्व मनाउने चलन छ । यस पर्वको फरक विशेषता र महत्व छ । थारू समुदायले माघलाई महत्त्वपूर्ण चाड एवं नयाँ वर्षका रूपमा मनाउने गर्छन् भने मगर, यादवलगायत समुदायले विशेष महत्वका साथ पर्व मनाउने प्रचलन छ । माघे सङ्क्रान्ति तथा माघी पर्वको अवसर पारेर प्रदेश सरकारले हरेक वर्ष सार्वजनिक बिदा दिँदै आएको छ । यस वर्ष पनि माघे सङ्क्रान्ति तथा माघी पर्वका अवसरमा मंगलबार प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका वरिष्ठ शाखा अधिकृत गङ्गाधर पाण्डेले जानकारी दिए । लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को २०८० चैत २० गते बसेको बैठकले माघे सङ्क्रान्ति तथा माघी पर्वका अवसरमा सार्वजनिक बिदा निर्णय गरेको थियो । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## समस्या र समाधान

हरेक समस्याको समाधान पनि हामीसगै छ । मुलुकमा देखिएका केही समस्याहरुका कारण हरेक कोणबाट अब मुलुक समस्यै समस्याको जडसूत्रमा झाँगियो भन्नेहरुले पनि धेरै भनि रहेका कारण समस्या थपिएको हो भन्ने हाम्रो आरोप हो । समस्या कहाँ छैनन् ? फरक तौर तरिकाबाट उत्पन्न हुने र हामीसंग भएका समस्याहरु अरुका तुलनामा फरक भएका कारण पनि हामीलाई समस्या समाधानका उपाय खोजी गर्ने कुरामा ध्यान नगएको हो ।

जहाँ समस्या त्यहाँ उपाय, अर्थात जहाँ समस्या त्यही समाधान पनि पाईन्छन्,खोज्न र निकासको बाटो पहिल्याउँन सक्नुपर्ने बेला आएको छ । बिहान देखि साझ सम्म समस्यै समस्याको बोझलाई जतातत‍ै पोख्दै हिड्ने अनि, समाधान नखोज्ने भए पछि, समस्यै समस्याले जेली रहने बाहेक केही पनि हुन सक्दैन् । बिषेश गरेर राजनैतिक रुपमा देखा परेका समस्याहरुको समाधान खोज्ना साथ प्राय: सबै समस्याहरु समाधानका बाटाहरु खुल्दै जाने क्रम शुरु हुन्छन् । खाली भाषण र गोष्ठी अनि अनावश्यक दौडधुपले मात्र समस्या समाधान हुँदैनन् । इच्छा शक्तिको प्रचुरता र इमानको रजगज नभएका कारण राजनीतिले नयाँ दीशानिर्देश गर्ने कार्य जुन रुपमा गर्नुपर्ने हो, त्यो रुपमा नगर्दा सम्म केही कुनै पनि समस्याको हल निस्कन समय लाग्छ । त्यस कारण हाम्रो जस्तो सानो मुलुकमा देखा परेका बिविध समस्याहरुको पहिचान र समाधानका बिषयमा हामी सबै गम्भीर हुनुपर्ने अवस्था छ, अहिले ।

राजनैतिक वृतमा देखिएका बिभिन्न काण्डै काण्डका कारण पनि समस्याहरु उब्जिएका हुन भन्ने कुराको अनुभूति नभए सम्म राजनैतिक स्थिरता सम्भव छैन र सो नभए सम्म मुलुकका कुनै पनि समस्याहरुको समाधान सम्भव छैन । अति रन्जित राजनैतिक चरित्र, अनि आवश्यकता भन्दा बढी माग भएका स्वार्थी जनताका अगाडी राम्रो र असल अनि त्यागी नेता पाउँनु पनि गाह्रो छ । त्यस कारण जनताको प्रतिबिम्वबाटै मुलुकका राजनेता र स्थिर राजनैतिक अवस्थाको परिकल्पना गर्न सकिन्छ । अन्यथा खाली बोली र भाषणले मात्रै केही पनि हुन सक्दैन र मुलुकमा विद्धमान समस्याहरुको समाधान पनि खोज्न सकिदैन भन्ने कुरा नेता, कार्याकर्ता, कर्मचारी, समाजसेवी, व्यवसायी र सर्वसाधारणलाई चेतना भयो ।

## Opinion @ Social Network

भरी छु साथी म त भरी छु, बग्नै नपाइ जमेको पोखरीको पानी सरी छु !

*सागर सारुको फेसबुकबाट ;https://www.facebook.com/Sagar.Saru*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**

भगवतीटोल तानसेन, पाल्पा

# विकास प्रयास किन असफल रह्यो-२



मेघनाथ दाहाल

*आधुनिक राज्य व्यवस्थाको मान्यताभित्र सरकारको अन्तिम अभिभावकत्व जिम्मेवारी बहन गर्न नेपालका सबै सरकार असफल भइसकेकाले आममानिसले माओवादीमा जुन भरोसा गरेका थिए सो अनुरूप काम गर्न नसक्दा स्वयं उक्त दलमात्र नभएर सम्पुर्ण रूपमा मुलुकले क्षति व्यहोर्नुपऱ्यो । एकातिरको एकदशकको विकास तथा लगानीको माध्यमले हुने सकारात्मकतामा कमी भएको थियो र बहुआयामिक नकारात्मकता देखिन थालेको थियो भने अर्कोतिर साधारण खर्चको अचाक्ली वृद्धि छ । २०४७ लको राजतन्त्रसहितको संविधानको बिदाइपछि गणतन्त्रात्मक व्यवस्थाका लागि संविधानसभामार्फत लेखिने संविधानका लागि आठ वर्षको समय तथा स्रोतसाधनको खर्चपछि २०७२ मा मात्र सम्भव भएर गयो । आठौं पञ्चवर्षीय योजनादेखि लागु गरिएको उदार आर्थिक नीतिको कार्यान्वयनमा सुरुदेखि भएको अवरोध २०६३ पछि अझ बढेर गयो । संसदीय व्यवस्थामा गणितको ठुलो माने हुने गर्दछ ।*

२०४६ सालको राजनीतिक परिवर्तनले मुलुकमा प्रजातन्त्रको पुनर्स्थापनामात्र गराएन बेलायती मोडलको थियोरिज्म र अमेरिकन मोडलको रेगन मार्का लागेको उदार अर्थनीतिलाई कानुनी मान्यताका साथमा कार्यान्वयन भयो । मुख्य दुई कारण आन्तरिक वस्तुस्थिति यति नाजुक भइसकेको थियो कि अरू एकाध वर्ष सरकार चलाउन नसक्ने अवस्थामा पुग्न लागेको थियो । चलेका सार्वजनिक संस्थानको वित्तीय अवस्था दयनीय रूपमा सञ्चालनमा रहेका थिए । थोरै पहुँच भएका युवा अमेरिका, दक्षिण कोरियालगायत केही गल्फ मुलुकमा जान थालेका थिए । सरकारमा बसेकाहरू सजिलै आत्मसात गर्ने मनस्थितिमा थिएनन् । भारतीय अर्थतन्त्रसँगको व्यापार घाटा नेपालमा उच्चतम बिन्दुमा पुगेको थियो । दक्षिण एशिया खासगरी भारतले गरेको उदारवादी अर्थतन्त्रको आत्मसातसँगै नेपालले सुरुवात गर्नुपर्ने बाध्यता थियो । नेपाली अर्थतन्त्र स्वतन्त्र रूपमा अवलम्बन गर्नसक्ने स्थितिमा आज पनि पुगेको छैन । नेपाली मुद्रा भारतीयसँग स्थिर विनिमय र भौगोलिक रूपमा नेपाल-भारतको नजिकको सम्बन्धले यो अवस्था कायम छ । सन् १९९० मा तत्कालीन भारतीय प्रधानमन्त्री पिभी नरसिंह रावले अर्थमन्त्री मनमोहन सिंहलाई मुलुकको वित्तीय अवस्थाको बारेमा सोध्दा अर्थमन्त्रीले दुःखले दशदिनको आयातमात्र धान्नसक्ने ढुकुटीमा विदेशी मुद्रा रहेको कुरा गरेपछिका दिनमा निःशर्त उदारीकरण भारतीय भुमिमा लागु भएको थियो । भारतीय भुमिमा लागु भएपछि स्वाभाविक नेपालमा यो नीतिगत व्यवस्थाको कार्यान्वयनमा ढिला गर्नु हुँदैनथ्यो ।

नेपाली अर्थतन्त्रका बारेमा जानिफकार यो क्षणिक फाइदा तथा राजनीतिक सस्तो नाराका लागि झुट कुरा बताउँछन् जुन खराब पक्ष हो । उदारीकरणको सुरुको केही समय राम्रोसँग बित्यो । सरकारका लागि बोझ सावित भएका र आवश्यक केही संस्थानको निजीकरण भएर गयो । अनावश्यक हल्ला फिँजाइयो कि सरकारले हुँदाखाँदाका नाफामा चलिरहेका संस्थान कौडीको भाउमा बेचेर मुलुकलाई अरूको हातमा सुम्पियो । रोजगार, उत्पादन, बजार तथा व्यापार सबैमा सरकारले लात माऱ्यो जस्तो अनावश्यक हौवा । सुरुको समयमा कतिपय निजीकरण भएका प्रतिष्ठानको हकमा राम्रो नियतका साथ भएर पनि प्रक्रियामा केही कमजोरी भए होलान् तर जति अनावश्यक हल्ला पिटियो त्यो यथार्थभन्दा बाहिर थियो । उदारवादी आर्थिक नीतिको कार्यान्वयनमा पहिलो गाँसमै दाँतमा ढुंगा लागेको जस्तो भान तत्कालीन सरकारलाई भयो । मुख्य कारण राजनीतिक दलको सोचमा एक रूपता हुन नसकेर हो । साथमा कतिपय मुलधारका दलले पनि उदारवादी नीतिको हकमा डबल स्ड्यान्डर्ड राख्दा यो समस्या देखिएको हो । तर उनीहरू कुनै हालतमा स्वीकार गर्ने पक्षमा देखिँदैनन् । राजनीतिक दलहरूको बोली-व्यवहार दुई किसिमको हुँदा बिस्तारै समस्या सतहमा आयो । यो रोग आजपर्यन्त कायम छ । खासगरी आफुलाई कम्युनिष्ट भनेर आममानिसबीच चिनारी दिने राजनीतिक दलहरूमा प्रष्टै रूपमा देख्न सकिन्छ । त्यसो त कांग्रेसमा पनि उदारीकरण नीतिगत रूपमा भित्र्याउँदा भएको अमिलो आज पनि पार्टीको आन्तरिक स्वरूपमा देख्न सकिन्छ तर यो लान्छनाले छुँदैन । यति हुँदाहुँदै पनि एकथरि (खास गरी एमालेलगायतका) कम्युनिष्ट जसोतसो उदारीकरणको मुलप्रवाहमा आउन सहमत भए तर धेरै चिरा परेको नेपाली समाजवादीहरूको कित्ताका केही नयाँ तथा केही पुराना खेलाडीका कारण बाटो समाइसकेको आर्थिक उदारीकरणको नीतिगत व्यवस्थाले आजका दिनसम्म काम गर्न नसकेको हो । उदारीकरण पुर्णरूपले गाईको दुधले नुहाएको आर्थिक नीतिगत व्यवस्था पक्का होइन । विषयवस्तुमा परिमार्जनको साथमा मुलुक सुहाउँदो कानुनी तथा ऐननियमको तर्जुमाको जरुरत छ । किनभने अमेरिका बेलायत जस्ता जननी मुलुकमा पनि समयसापेक्ष बनाउने काम समय समयमा भइरहेको छ । सम्बन्धित धेरै कानुनले मुर्त रूप लिन सकेका छैनन् । अझ मुलुकमा माओवादीको सशस्त्र आन्दोलनको सुरुवातपछि आर्थिक पक्ष सरकारको तेस्रो प्राथमिकताको विषय बन्न पुग्यो । पहिलो सत्ता, दोस्रो सुरक्षा र तेस्रोमात्र आर्थिक वृद्धि विकास र गुणस्तरीय जीवन यापनका यावत पक्ष । नेपाली समाजको बहुआयामिक सकारात्मक परिवर्तनको रूपरेखा कोर्न हतियारसहित मोर्चा बाँधेको माओवादीले पनि सही बाटो समाउने हैसियत राखेजस्तो देखिएन । दशकौंको मिहिनत पसिना, ऋण एवं अनुदानबाट सिर्जित पुर्वाधारको विनाशमा उद्दत माओवादीले पनि शान्तिवार्तामार्फत अन्तिममा उदारवादलाई मुख्य आर्थिक नीतिको रूपमा अँगाल्न जाँदा न माओवादीको नियत सफा देखियो न त कार्यकर्तालगायत हजारौं नेपालीको प्रत्यक्ष-अप्रत्यक्ष योगदानको कुनै कदर भयो । निश्चित समुह र नेतृत्व नजिकका मानिसले मात्र फाइदा लिएको जस्तो देखिन गयो । २०५२ मा सुरु भएको माओवादीको राजनीतिले २०६३ सालमा मात्र विश्राम पायो तर यो पुरापुर एक दशक नेपालको आर्थिक विकास तथा पुर्वाधार निर्माणको हकमा भने शुन्यको अवस्थाबाट गुज्रिन पुग्यो । माओवादीको कब्जा काठमाडौं उपत्यका र सीमित जिल्ला सदरमुकामबाहेक लगभग ७५/८० प्रतिशत नेपाली भु-भागमा थियो । सरकारी संयन्त्र समाचारको एउटा कुरा गर्थ्यो तर वास्तविकता बिल्कुलै अर्को थियो । आन्तरिक सुरक्षा सरकारको पहिलो र अन्तिम सरोकारको विषयवस्तु थियो । सरकारले चाहेर पनि विनियोजित पुँजीगत खर्च समयमा र तोकिएका परियोजना गर्न सक्दैनथ्यो । यसले अन्ततोगत्वा कस्तो संस्कार एवं परिपाटीको विकास भयो भने आजको दिनमा पनि सरकार विनियोजित अत्यन्त सानो आकारको विकास खर्च समयमा तोकिएका परियोजनामा खर्च गर्ने हैसियत राख्दैन । २०६३ मा भएको शान्तिवार्तामार्फत माओवादी नेपाली राजनीतिको मुलप्रवाहमा अवतरणले आगामी राजनीति संलिएर जाला भन्ने सर्वसाधारणको सोचले मुर्त रूप हासिल गर्न सकेन । यो केवल हात्तीको देखाउने दाँत जस्तो हुनपुग्यो । माओवादी आज पनि मुलुकमा विद्यमान प्रजातान्त्रिक परिपाटीलाई रणनीतिक रूपमा मात्र प्रयोग गरिरहेको कुरा स्वयं उनीहरूकै नेतृत्वले गरेका भाषणबाजीबाट प्रष्ट छ । प्रजातन्त्रिक परिपाटीमा अर्को खिचडी पाक्यो । एकातिरको हाम्रो आन्तरिक राजनीतिक खिचातानी र अर्कोतर्फ विदेशी दातृनिकायसँग निर्भर रहनुपर्ने विकास तथा पुँजीगत खर्चले विकास निर्माण तथा नयाँ परियोजनामा लगानी सार्वजनिक तथा निजी दुवै क्षेत्रबाट कम हुँदै गयो । साथमा साधारण खर्च विविध शीर्षकमा आकाशिँदै गयो ।

आन्तरिक रूपमा अर्थ व्यवस्थामा सुधार हुन नसकेको तर साधारण एवं सबै किसिमका सरकारी खर्चको बढोत्तरीले सरकारी वित्तीय अवस्था चापमा पर्दैगयो । वित्तीय चापको अवस्था कायमै छ । माओवादीको राजनीतिक मुलप्रवाहमा भएको अवतरणले कम्तीमा नेपाल र नेपालीहरूको सामाजिक आर्थिक अवस्थामा चमात्कारी सकारात्मकता भित्रिने जुन आशा थियो त्यो बिलाएर गयो । सदियौंदेखि विद्यामान असमान भुमि वितरण तथा स्रोतसाधनमाथि उपल्लो वर्गका मानिसको प्रभुत्वलाई नीतिगत व्यवस्थामार्फत वितरण प्रणालीमा प्रगतिशील उभार आउने अपेक्षा गरिएको थियो तर माओवादी स्वयंले आफु र आृना कार्यकर्तालाई सही किसिमले नियन्त्रणमा लिन नसक्दाको परिणाम सामाजिक न्यायका रूपमा मुलुकमा लुटतन्त्रले प्रश्रय पायो । आधुनिक राज्य व्यवस्थाको मान्यताभित्र सरकारको अन्तिम अभिभावकत्व जिम्मेवारी बहन गर्न नेपालका सबै सरकार असफल भइसकेकाले आममानिसले माओवादीमा जुन भरोसा गरेका थिए सो अनुरूप काम गर्न नसक्दा स्वयं उक्त दलमात्र नभएर सम्पुर्ण रूपमा मुलुकले क्षति व्यहोर्नुपऱ्यो । एकातिरको एकदशकको विकास तथा लगानीको माध्यमले हुने सकारात्मकतामा कमी भएको थियो र बहुआयामिक नकारात्मकता देखिन थालेको थियो भने अर्कोतिर साधारण खर्चको अचाक्ली वृद्धि छ । २०४७ लको राजतन्त्रसहितको संविधानको बिदाइपछि गणतन्त्रात्मक व्यवस्थाका लागि संविधानसभामार्फत लेखिने संविधानका लागि आठ वर्षको समय तथा स्रोतसाधनको खर्चपछि २०७२ मा मात्र सम्भव भएर गयो । आठौं पञ्चवर्षीय योजनादेखि लागु गरिएको उदार आर्थिक नीतिको कार्यान्वयनमा सुरुदेखि भएको अवरोध २०६३ पछि अझ बढेर गयो । संसदीय व्यवस्थामा गणितको ठुलो माने हुने गर्दछ । संसद्मा कांग्रेसलगायतको उपस्थितिभन्दा माओवादीलगायतको उपस्थिति फवात्तै बढ्न जाँदा आन्तरिक तथा बाफय जगतले नेपालमा लगानीमार्फत हुने आर्थिक, सामाजिक परिवर्तनको क्षेत्रमा खेल्नसक्ने भुमिकाका बारेमा आफुलाई विश्वस्त तुल्याउन सकेनन् ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**

बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**

लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**

रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : दिन सामान्य रहेको छ। आफन्तको साथ सहयोग मिल्नेछ।

**वृष** : आत्मविश्वासमा वृद्धि हुनेछ। परिवारसँग मनोरञ्जनात्मक समय बित्नेछ।

**मिथुन** : स्वास्थ्यमा सुधार आउनेछ। बोल्दा शब्दमा विशेष ध्यान दिनुपर्ने हुन्छ।

**कर्कट** : न्यायिक मामिलाहरूमा सफलता मिल्नेछ। योजनाहरू सुरुवात गर्न सक्नुहुनेछ।

**सिंह** : मनमा उत्साहको कमी रहनेछ। स्वास्थ्यले साथ नदेला।

**कन्या** : प्रियजनसँग सम्बन्ध समधुर रनेछ। सामाजिक क्षेत्रमा भ्रमण हुनसक्छ ।

**तुला** : योगदानलाई पुरस्कृत गर्न सकिनेछ। कार्यक्षेत्रमा प्रभाव बढ्नेछ।

**वृश्चिक** :पठनपाठनमा मन लाग्नेछ। आयस्रोत बढ्नुको साथै नयाँ कार्य हात लाग्नेछ।

**धनु** : आफूलाई प्रस्तुत गर्नुहोस्। सामाजिक वा सांस्कृतिक क्षेत्रमा प्रतिष्ठित पद मिल्नेछ।

**मकर** : जीवनसाथीको सहयोग मिल्नेछ। कार्यक्षेत्रमा परिवारको साथ मिल्नेछ।

**कुम्भ** : व्यापारमा सामान्य लाभ रहनेछ। पुरानो समस्याहरूले विवाद निम्त्याउनेछ।

**मीन** : व्यापारमा लाभ उठाउन सकिनेछ। छोटो समयमा कामको जग बसाउन सकिनेछ।




बालनाटक — कमल रिजाल

# बाबुआमाको सेवाको चमत्कार



स्थान- कुनै सामुदायिक विद्यालयको आँगन समय- अपराह्न तीन बजे पात्रहरू भगवान् विष्णु- तीनै लोकका पालन कर्ता भगवान् बाबुआमा- विरामी वृद्ध दम्पती अन्नाजी वर्ष पचास पुण्डरिक- बाबुआमाका भक्त बालक वर्ष दश रङ्गमञ्चमा सानो पराले छाप्रो देखिन्छ । छाप्रोभित्र डोरीको खाटमा विरामी दम्पती सुतेका छन् । पुण्डरिक तिनै विरामी दम्पतीको सेवा गरिरहेको देखिन्छन् । छाप्रोको छेउमा पानीको सानो कुवा तथा पानी उठाउने बाल्टी र डोरी राखिएको हुन्छ । रङ्गमञ्चको भित्तोलाई रङ्गिन पोष्टरले सजाइएको छ, जहाँ हरिया वन उपवन र रुख, बिरुवा, वनस्पतिका दृष्य अङ्कित छन् । छेउछाउमा चरिरहेका पशुपक्षीका दृष्यले पोष्टरको सुन्दरता बढाएको छ । वनको छेउमा सानो खोला बगिरहेको हुन्छ भने जङ्गली पशुपक्षी पानी खान तल्लीन देखिन्छ । भगवान् विष्णु- ( पराले छाप्रोको ढोका बाहिर उभिएर) बाबु पुण्डरिक ! बाहिर आऊ तिमीलाई भेट्न आएको छु । तिमीले गरेको बाबुआमाको सेवा देखेर खुसीले केही दिन आएको हुँ । बाहिर आएर लिन सक्छौ । पुण्डरिक- महाशय ! तपाईँ को हुनुहुन्छ चिन्दिन पुण्डरिक- महाशय ! विवस छु, अहिले नै बाहिर आउन सक्ने अवस्था नै छैन । एक त मेला बाबुआमा वृद्ध हुनुहुन्छ त्यसमाथि रोगी । अहिले उहाँहरूको घाउ सफा गर्दैछु । त्यसपछि उहाँहरूलाई नुहाउने र कपडा फेराउनुपर्ने हुन्छ । त्यसपछि घाउमा मलमपट्टी गरी औषधी ख्वाएपछिमात्र फुर्सद मिल्छ । त्यसैले मिल्छ भने भित्रै आएर दिनुहोला । नमिल्ने भए त्यतिबेलासम्म पर्खनैपर्ने हुन्छ । भगवान् विष्णु- बाबु ! तिमीले मलाई चिनेनौ । म भगवान् विष्णु हु । जे पनि दिन सक्छु । तिम्रा बाबुआमाको रोग निको पारिदिन पनि सक्छु । धनसम्पत्तिले भरिपूर्ण पारिदिन पनि सक्छु । त्यसैले अहिले नै बाहिर आएर वरदान माग । जे मागे पनि पाउनेछौ । बाबुआमा- बाबु पुण्डरिक ! जाऊ र जे चाहिन्छ माग । हितैषी हौं हाम्रो सेवा त आएर गरे पनि हुन्छ तर भगवान्लाई धेरै बेर कुराउनुहुँदैन । अन्यथा अनर्थ हुन सक्छ । पुण्डरिक- जे हुन्छ हुन दिनोस् । यहाँभन्दा बढी अनर्थ के नै होला र । बाबुआमाको सेवालाई प्राथमिकता दिनु मेरो कर्तव्य हो । आफ्नो कर्तव्यलाई मरिकाटे बिर्सन सक्दिन । भगवान् विष्णु- पुण्डरिक ढिलो गर्‍यौ नि किन ? मलाई सुनेनौ ? मेरो धेरै काम छन् । अन्यत्र पनि जानु छ । त्यसैले अहिले नै बाहिर आए वरदान माग । होइन भने अपमान ठानी दण्डित गर्न पनि सक्नेछु । पुण्डरिक- त्यसो हो भने त्यही सही भगवन् ! के गर्ने भन्नेमा स्वतन्त्र हुनुहुन्छ । जहाँसम्म मेरो कुरा छ बाबुआमाको सेवालाई बीचमै छाडेर आउनै सक्दिन । त्यसैले फेरि पनि भन्दैछु मिल्छ भने भित्रै आएर दिनुहोला । मिल्दैन भने त्यतिबेलासम्म त्यहीं प्रतीक्षा गर्नुहोला जति बेलासम्म बाहिर आउन सक्दिन । होइन हतारै छ भने पनि केही छैन । बाधक बन्न चाहन्न अहिले नै जान सक्नुहुन्छ । मेरो पितृभक्ति देखेर वरदान दिन आउनुभएको छ भने तपाईं नै भन्नुस् उहाँहरूको सेवालाई अधूरो राखेर कसरी आउन सक्छु ? यत्तिकैमा नाटक समाप्त हुन्छ । पात्रहरू आ-आफ्नो बाटो लाग्छन् नोट- यसरी भगवान् विष्णुले अनेक तरिकाले बालक पुण्डरिकको पितृभक्तिबारे परीक्षा लिए । यस क्रममा लोभ पनि देखाए डर पनि देखाए । तैपनि पुण्डरिकले आफ्नो अडान छाडेनन् । त्यसपछि भगवान् आफैं प्रतीक्षा गर्न विवस भए तर पुण्डरिकले आउन यति ढिलो गरे कि भगवान गलेर कम्मरमा हात लगाएर उभिन लागे । भनिन्छ त्यस स्थानमा उनी अहिले पनि त्यस्तै मुद्रामा उभिरहेका छन् ।

*-रातोपाटी डटकम*

## कविता : पीडाभित्र हराएको मान्छे

लाग्छ, कहिले काहीं
मान्छेको मन सधैं सधैं
आकाशभन्दा फराकिलो भइदिए हुन्थ्यो
मर्म साँधेरगरेका काम
धर्म र कर्मको नामले
धरतीभन्दा बिसाल भइदिए हुन्थ्यो ।
दुखै दु:खको पहाड उचालेर
सुखको न्यानो घाम खोज्न
सगरमाथाभन्दा माथिको चुली टेकेर
अघि अघि लम्किदै जाँदा, मान्छे
एकाबिहानै क्षितिजको दैलोभित्र छिरेर
बादलको मूलढोकाबाट बाहिरिँदै
एकभारी खुसी ल्याउन खोज्छ ।
यसरी नै यहाँ मान्छेका मनहरु
झ्याद्रिदै जाँने हो भने
अग्लिएको पहाड
र, सुतेको यो धरतीमा
कुकर भित्रको हावाझैं मान्छे गुम्सिन सक्छ
अनि, अभावले भावको पालुवा फेर्न नपाउदै
खोक्रो सारङ्गी पेट लिएर मान्छे-मान्छेका
झरेका आँसु र बगेको पसिनाको भेलले
महासागरहरुमा पानीको उचाइ बढाउन पुग्छ ।
दूरी ताकेर हरेक शक्तिसँग लड्न
मान्छेले
चरीझैं उड्ने गतिशील पखेटाहरु
पाउन सक्नुपर्छ,
उडाइमा विश्वासका सबुतहरु जोडीनुपर्छ
टेक्ने हाँगाहरुमा अलमलिने होइन
उदेश्य त लक्ष्य चुम्ने हुनुपर्छ ।

आजभोलि भावनाको लगाम खिचेर मान्छे
गन्तव्यको खोजी गर्छ
एक मुठी उज्यालो समात्न
आकाशको उकाली चढेर
चन्द्रमासम्म पुग्ने सपना देख्छ
अनि, उही पाखा पखेरीको ओरालोमा अलमलिदै
सपनाको गुल्जारमा हराउने गर्छ
र, बिपनामा झस्केर डराउने गर्छ ।
तर, अझै पनि
शिरको उचाइ र पाइतालाको गहिराइमा
तालमेल मिलाउन नसक्दा मान्छे
समृद्धिको रित्तो ढाकर बोकेर
बेला बेला रुन्छे हाँसो हाँस्दै
सिसिफस८८ झैं जीवन बाँचिरहेछ ।

*-पशुपति पराजुली*



*-साभार : समकालीन साहित्य डटकम*

क्लासिक कथा — देवकुमारी थापा

# हिङको गन्ध

-छोरालाई जरो झन् बढेको जस्तो छ, ओखती लिन पटाऊँ भने हातमा एक पैसा छैन । हजूर पनि बिहानै फरवेजगञ्ज सवारी भइसे'छ । यहाँसँग दश रुपियाँ सापटी पाइन्थ्यो कि ?" आमाको कोठामा घरानियाँ कण्ठ स्वर सुनेर म आफ्नो ओछ्यानबाट उठें । लगत्तै आमाको जवाफ सुनियो, "फेरि जरो बढ्यो ? त्यस्तो बालखलाई कति पीर ! अहिले आफूसँग पनि यी दुई रुपियाँ मात्र छन्, छोरो घरमा छैन ।" म हल न चल भएर त्यहीं उभिइरहें, आमाले किन म छैन भन्नु भा'को होला। फेरि पहिलेको मसिनो कण्ठ स्वर सुनियो, "दुई रुपियाँ भए पनि बक्सियोस् हजूर ! थपथाप गर्नु पर्ला । पुरानो चामल भए एक माना लानु पर्‍यो, छोरालाई जाउलो खुवाउने छु ।" त्यसपछि भण्डारको ढोका खोलेको र खर्त्याक खुत्रुक गरेको सुनियो शायद आमाले चामल दिनुभयो क्यारे । फेरि भण्डारको ढोका लाएको र गुनगुन गरेको सुनें । गुनगुन सकिएपछि म बाहिर निस्कन लागेको त आमा आफै स्वाट्ट कोठामा पस्नुभयो र मैले हाँस्दै भने, "एकाबिहानै ढाँट्नु भयो, म बाहिर आएको भए नि त ?" ! आमा खुइय गरेर मेरो ओछ्यानको छेउमा बस्दै भन्नुभयो, "नढाँटी पनि त भएन बाबु, सधैं माग्न आउँछन् ! नदिऊँ भने यिनीहरूको बिजोग देख्दा माया लाग्छ, दिऊँ भने सधैं माग्छन्, कसरी सक्नु ?" मैले सोधें, "अघि अघि त यिनीहरू यहाँ आए जस्तो लाग्दैन, को हुन् ?" छेउको खरको घरलाई औंल्याउँदै आमाले भन्नुभयो, "उ त्यो झुपडीमा बस्छन्, घरको बाबु रोगी रहेछन् तैपनि दिनैपिच्छे फरवेजगञ्ज धाउँछन् ।" मैले सोधें, "किन ?" आमाले भन्नुभयो, "यिनीहरूको घर-खेत एउटा मान्छेले किनेको रहेछ तर अझसम्म पैसा तिरेको छैन अरे, त्यो मान्छे फरवेजगञ्ज बस्छ अरे र त्यसैलाई ताकिता गर्न दिनौं उनी फरवेजगञ्ज धाउँछन् । दिन लागेपछि त्यस्तै हो सबैतिर भत्कन्छ । अघिका खान्दानी रहेछन्, साह्रै दु:ख पाएर बिराटनगर आएर बसेको भन्छन् । पैसा पाएपछि फेरि काठमाडौं नै फर्कने अरे ।" झ्यालबाट मैले त्यो खरको घरपट्टि हेरें, घर अघि रगरगती केटाकेटीहरू खेलिरहेका ! आमासित सोधें, "यतिका केटाकेटी कसका नि ?" आमाले जवाफ दिनु भयो, "उनैका । तीन वटी स्वास्नी छन्, अघि सापटी माग्न आउने कान्छी हुन् ।" किन हो यो कुरा सुनेर मलाई दिक्क लाग्यो तर आमालाई केही भनिनँ ।

तीन वटी आइमाई र यिनीहरूका स्याउँस्याउँती छोराछोरीहरूका विषयमा म विचार गर्न लागें । रोगी लोग्ने, असहाय स्वास्नीहरू र यतिका दालबच्चा कसरी निर्वाह होला ! यिनीहरूको केही सेवा गर्न सके कत्रो पुण्य हुन्थ्यो, पुण्य नभए पनि कति आत्मसन्तोष हुन्थ्यो । म यिनीहरूको निम्ति केही गरी छाड्छु भन्ने संकल्प गरेर मुखहात धुन गएँ । बिहानको चिया खाएर म फेरि आफ्नो सुत्ने कोठामा गएँ । केही गम्दै झ्यालबाट त्यो खरको झुपडीपट्टि हेरेको त त्यहाँको चालामाला देखेर म तीन दङ्ग परें । एउटो पातली आकर्षक आइ- माई सारीको एक छेउ समातेर उभिएकी, अर्को छेउ चाहिँ उनी भन्दा केही जेठी जस्ती स्वास्नीमान्छेले समातेकी थिइन् । त्यसरी त्यहाँ सारीको पर्दाले घाम छेक्ने काम गरेको थियो । पर्दाभित्र एकजना खपटे, घामले डढेको, अनुहारमा झुस्स दाह्री, आँखाले मधिसे जस्तो मान्छे ईंटमाथि नाङ्गै बसेको थियो । एउटी दुब्ली आइमाईले साबुन घसेर त्यसलाई नुहाई दिँदै थिइन् । नुहाउने काम सकिएपछि ती स्वास्नी मान्छेले मैलो थाङ्ना जस्तो लुगाले त्यसको जीउ पुछिदिइन् । अब त्यो मान्छे उभियो र आफ्नो खुट्टा ईंटमाथि राखिदियो, आइमाईले चाहिँ पालेसित दुवै खुट्टा धोएर पुछिदिइन् । दुई वटी आइमाई चाहिं यतिञ्ज्याल सारी समातेर उभिई रहेकै थिए । पुछी सकेपछि त्यो मान्छे ठाँटसित उभियो, तन्कियो र झुपडीभित्र पस्यो, एउटी आइमाई उसको पछि-पछि गइन् । अरू दुई वटी पानीको टिन, भिजेका थाङ्ना बटुल्न थाले । म एक्लै खित्का छोडेर हाँसेछु । आजको युगमा पनि कोही मान्छे कथाको राजा जस्तो आइमाईसित नुहाई माग्छ । त्यसको सोख, त्यहाँको कंगाली वातावरण, सडकको छेउमा पुरानो सारीको पर्दाभित्र बसेर आइमाईहरूसँग नुहाई मागेको दृश्य टीठलाग्दो भए पनि हाँस उठ्दो पनि थियो । म हाँसेछु । भान्सा कोठामा गएर आमालाई भनेको त उहाँले उल्टो उही मान्छेको पक्ष लिएर पो भन्नुभयो, "वरा, सौखिन मान्छे ! आफै केही गर्न जान्दैनन् के गरून् त !" मेले झोक्किँदै जवाफ दिएँ, "तीनवटी फुकीढल आइमाईले ऐंचोपैंचो गरेर त्यसलाई पाल्छन्, त्यसका त्यतिका केटाकेटी जन्माउँछन्, त्यसको सेवा टहल गर्छन् के उसले चाहिं आफ्नो जीउसम्म नुहाउन सक्दैन ? सारोले त्यसलाई घाम छेक्न पर्छ ! मर्नु नि त्यस्ताले ।" आमाले जिब्रो निकाल्दै भन्नुभयो, "राम, राम, अरूलाई दिन लागेको बेलामा त्यसो भन्नुहुन्छ ?" धन्य आइमाईको मन कस्ता कस्तालाई माया गर्न सकेको ! मैले ड्याम्म झ्याल थुनें । अब मेरो फदयका जम्मै समवेदना हराएर त्यसप्रति मलाई रीस उठ्न थाल्यो । यस्तो अल्छे स्वाँठले दु:ख नपाए अरू कसले पाउँछ ? बढ खान्दानी भएर आइमाईलाई दल्न पल्केको, पृथ्वीलाई भारी बोकाउन जन्मेको ! यी आइमाईहरू पनि कस्ता सुधा ! नेता जस्तै म भाषण दिन थालेछु, श्रोता पनि आफै वक्ता पनि आफै । तर यो सोझा आइमाईहरूको के गति होला ? यतिका बच्चाबच्चीको बिजोग हेर्न पनि भएन ।

खेत-घरको पैसा पाएपछि यो मान्छे त अर्की आइमाई लिएर पनि अल्पिन सक्छ । मैले यी अबलाहरूको रक्षा गर्नै पर्छ भन्ने सम्झेर म पनि त्यो मान्छे घरबाट निस्केको केही बेरपछि जोगबनी स्टेशन गएँ । स्टेशनमा त्यो मान्छे थिएन ता पनि म फरवेजगञ्ज जाने रेलमा चढें । फरवेजगञ्जमा रेलबाट ओर्लेर म पहिले ब्याङ्कमा गएँ त्यहाँ त्यसलाई देखिन, त्यसपछि चिया पसल चाहारें त्यहाँ पनि त्यो मान्छे थिएन । केही किनमेल गर्न पो गएको छ कि भनेर म बजारको गल्लीतिर लागें, त्यहाँ त मेरो कन्सिरी तातेर आयो । फरवेजगञ्जको साँगुरो गल्लीको एक छेउमा उभिएर त्यो मान्छे भीख मागिरहेको थियो, साँच्चै हात पसारेर माग्दै थियो । उसको खपटे अनुहार, झुस्स दाह्री उस्तै थियो, भिन्नता के थियो भने तीन वटी आइमाईको माझमा धृष्टतासँग नुहाई माग्ने त्यसको सिकुटे शिर फरवेजगञ्जको गल्लीमा ओहोरदोहोर गर्ने मानिसहरूको अघि केही निहुरेको थियो । लाज, शरम र धिक्कारले मेरा आँखा आफै निहुरिए । सारा फरवेजगञ्जले औंलो ठड्याएर मलाई खिसी गरे जस्तो लाग्यो ।

*-साहित्यपोस्ट डटकम*

*आजको युगमा पनि कोही मान्छे कथाको राजा जस्तो आइमाईसित नुहाई माग्छ । त्यसको सोख, त्यहाँको कंगाली वातावरण, सडकको छेउमा पुरानो सारीको पर्दाभित्र बसेर आइमाईहरूसँग नुहाई मागेको दृश्य टीठलाग्दो भए पनि हाँस उठ्दो पनि थियो । म हाँसेछु । भान्सा कोठामा गएर आमालाई भनेको त उहाँले उल्टो उही मान्छेको पक्ष लिएर पो भन्नुभयो, "वरा, सौखिन मान्छे ! आफै केही गर्न जान्दैनन् के गरून् त !" मेले झोक्किँदै जवाफ दिएँ, "तीनवटी फुकीढल आइमाईले ऐंचोपैंचो गरेर त्यसलाई पाल्छन्, त्यसका त्यतिका केटाकेटी जन्माउँछन्, त्यसको सेवा टहल गर्छन् के उसले चाहिं आफ्नो जीउसम्म नुहाउन सक्दैन ? सारोले त्यसलाई घाम छेक्न पर्छ ! मर्नु नि त्यस्ताले ।" आमाले जिब्रो निकाल्दै भन्नुभयो, "राम, राम, अरूलाई दिन लागेको बेलामा त्यसो भन्नुहुन्छ ?" धन्य आइमाईको मन कस्ता कस्तालाई माया गर्न सकेको ! मैले ड्याम्म झ्याल थुनें । अब मेरो हृदयका जम्मै समवेदना हराएर त्यसप्रति मलाई रीस उठ्न थाल्यो । यस्तो अल्छे स्वाँठले दु:ख नपाए अरू कसले पाउँछ ? बढ खान्दानी भएर आइमाईलाई दल्न पल्केको, पृथ्वीलाई भारी बोकाउन जन्मेको ! यी आइमाईहरू पनि कस्ता सुधा ! नेता जस्तै म भाषण दिन थालेछु, श्रोता पनि आफै वक्ता पनि आफै ।*

# अर्थतन्त्रलाई सबल बनाउन सरकारले ध्यान दिएको छः प्रधानमन्त्री



**काठमाडौं,** माघ २/नेपाल उद्योग वाणिज्य महासंघसहित निजी क्षेत्रका संघ संस्थाले हालै जारी भएका अध्यादेशले मुलुकमा लगानी र व्यवसायको वातावरण अभिवृद्धि हुने जनाउँदै नेपाल सरकारलाई धन्यवाद दिएका छन् ।

प्रधानमन्त्री निवास, बालुवाटारमा बुधबार प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक सहित अन्य मन्त्रीको उपस्थितिमा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल, नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेश अग्रवाल, नेपाल उद्योग तथा व्यावसायी महासंघका अध्यक्ष भगीरथ सापकोटाले अध्यादेशमा भएका लगानी र व्यवसायसम्बन्धी विषय स्वागतयोग्य छन् भने ।

निजी क्षेत्रका प्रतिनिधिले कोभिड-१९ पछि सङकुचित अर्थतन्त्रलाई उकास्न यी अध्यादेश प्रभावकारी हुने भएकाले तिनको कार्यान्वयनमा यथाशक्य उपयुक्त नियमावली र कार्यविधि ल्याउन माग गरे । सरकारको सिफारिसमा राष्ट्रपतिबाट गत पुस २९ गते विभिन्न चार अध्यादेश जारी भएका थिए भने भूमि व्यवस्थासम्बन्धी अध्यादेश चाँडै जारी हुने क्रममा रहेको छ । कार्यक्रममा प्रधानमन्त्री ओलीले राम्रो काम गर्ने सरकारको सदासयतालाई सकारात्मकरुपमा लिएकोमा खुसी व्यक्त गर्दै सरकार ढल्दैछ भन्ने बजार हल्लालाई सत्ता गठबन्धनमा रहेका दल आपसमा बसेर देश बनाउने नीति निर्माणमा प्रभावकारी ढङ्गले कदम चालिरहेको स्पष्ट गरे । प्रधानमन्त्री ओलीले देश बनाऔँ भन्ने भावना सबैमा रहेको हुँदा आफ्ना स्वार्थका लागि जतिबेला पनि विरोध गर्नेहरु बाहेक आम मान्छेले विकास र सुशासन चाहेको बताए । सुशासन, विकाससँग सम्बन्धित व्यावहारिक र अनुकूल नीति ल्याइएमा समृद्धि असम्भव नहुने उनले बताए ।


## हार्दिक बधाई तथा शुभकामना



श्रीनगर यातायात सेवा कम्पनी प्रा.लि का संचालक तथा साबिकको समितिका संस्थापक कोषाध्यक्ष **श्री किरण कुमार** चित्रकार, पाल्पाको संस्कृति संरक्षण (हास्य,जात्रा,लाखे,चलचित्र र कलाकारिता) को क्षेत्रमा योगदानको कदर स्वरुप प्याब्सन पाल्पाको नवौं जिल्ला अधिबेशनको अवसरमा लुम्बिनी प्रदेशका माननीय स्वास्थ्य मन्त्री श्री खेमबहादुर सारु ज्युबाट सम्मानित हुनुभएकोमा संस्कृति संरक्षणमा थप उर्जा मिलोस भन्ने कामना सहित **हार्दिक शुभकामनाका साथ बधाई ज्ञापन गर्दछौं ।**

डिल बहादुर ढुंगाना
अध्यक्ष
एवं
**श्रीनगर यातायात सेवा कम्पनी प्रा.लि परिवार**
तानसेन, पाल्पा







खेलकुद समाचार

## जय ट्रफी फाइनल आर्मीलाई ३७ रनको अग्रता



**काठमाडौं,** माघ २/जय ट्रफी एलिट कप क्रिकेटको फाइनलमा नेपाल पुलिस क्लबसँगको खेलमा त्रिभुवन आर्मी क्लबले पहिलो पारीमा ३७ रनको अग्रता लिएको छ । खेलको दोस्रो दिन आर्मी खाना समयपछि १ सय ७० रनमा अलआउट भयो । आर्मीका भीम सार्कीले ५८, बसिर अहमदले ४०, सोमपाल कामीले ३२ रन बनाए । पुलिसका सागर ढकालले ५, कुशल भुर्तेलले ३ विकेट लिए । अहिले पुलिसले दोस्रो पारीको ब्याटिङ गरिरहेको छ । पुलिसले पहिलो पारीमा ९ विकेट गुमाएर १ सय ३३ रन बनाएको अवस्थामा पारी समाप्तिको घोषणा गरेको थियो । प्रतियोगितामा आर्मी, पुलिससहित बाग्मती र मधेश प्रदेश गरी चार वटा टोली सहभागी थिए । पुलिस शीर्ष स्थानमा र आर्मी दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेका हुन् । प्रतियोगितामा चार वटा टोलीले ३/३ खेल खेलेका थिए । पुलिसले ३ मध्ये २ मा जीत हात पारेको थियो भने एउटा खेल बराबरीमा टुङ्गिएको थियो । आर्मी ३ खेलमा एउटामा विजयी हुँदा २ वटा खेल बराबरीमा टुङ्गिएको थियो । बाग्मती र मधेश प्रदेशले एउटा खेल पनि जित्न सकेनन् ।


**वर्गिकृत डिस्प्ले**
*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ /कर्पोरेट समाचार

## नेप्से परिसूचकमा सामान्य अङ्कले सुधार



**काठमाडौं,** माघ २/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक एक दशमलव ८३ अङ्कले बढेर दुई हजार पाँच सय ९५ दशमलव ९६ को बिन्दुमा कायम भएको हो ।

बुधबार दुई सय ९९ कम्पनीको एक करोड सात लाख ४५ हजार चार सय २७ कित्ता शेयर ६३ हजार तीन सय ७७ पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब ८२ करोड ४९ लाख चार हजार एक सय ३४ को कारोबार भएको छ । बुधबारको कारोबारमा बैंकिङ समूह शून्य दशमलव ८१, वित्त तीन दशमलव ४८, लगानी शून्य दशमलव शून्य सात, लघुवित्त शून्य दशमलव ५२, म्युचुअल फण्ड शून्य दशमलव १७ र निर्जीवन बिमा शून्य दशमलव ४१ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । विकास बैंक एक दशमलव शून्य आठ, होटल तथा पर्यटन एक दशमलव ६३, जलविद्युत् एक दशमलव ७६, जीवन बिमा शून्य दशमलव शून्य आठ, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४८, व्यापार शून्य दशमलव शून्य एक र अन्य समूह शून्य दशमलव शून्य चार प्रतिशतले बढेको छ ।

डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रू ३२ करोड ४९ लाख ४४ हजार सात सय १८ कित्ता शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको तीन लाख पाँच हजार चार सय २१ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई